# तिलोत्तमा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### मणिग्राम, रूपन्देही, ५ नं. प्रदेश, नेपाल

# विज्ञापन करको सिलबन्दी बोलपत्र आह्वान सम्बन्धी ७ दिने सूचना

तेस्रोपटक प्रकाशित मिति : २०७५/०४/१४

ठेक्का नं.-आय-०१/०७५/०७६

स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम यस कार्यालयको आ.व.०७५/०७६ र ०७६/०७७ दुई आ.व.को लागि विज्ञापन कर उठाउने कार्य ठेक्काद्वारा सञ्चालन गर्नुपर्ने भएकोले तपसिल बमोजिमका शर्तहरुको अधिनमा रहने गरी ईच्छुक व्यक्ति वा फर्मबाट पुन: गोप्य सिलबन्दी दरभाउपत्र आह्वान गरिन्छ ।

**ठेक्का सम्बन्धी शर्तहरु**

१. सिलबन्दी दरभाउपत्रको फाराम यो सूचना प्रकाशन भएको मितिले ७ दिनसम्म कार्यालय समयभित्र कार्यालयको राजश्व शाखाबाट रु.१,०००।- (फिर्ता नहुने गरी) तिरी खरिद गर्न सकिनेछ । यसका लागि नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, आन्तरिक राजश्व कार्यालय दर्ता प्रमाणपत्रको प्रतिलिपि, आ.व.०७३/०७४ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न गरी निवेदन दिनुपर्नेछ ।

२. ठेक्काको न्यूनतम अंक मू.अ.कर बाहेक रु.२०,००,०००।- (अक्षरुपी बीस लाख मात्र) कायम गरिएको छ ।

३. कबोल अंक सम्झौताका बखत एकमुष्ठ रुपमा बुझाएमा १०% छुट दिन सकिनेछ ।

४. कबोल अंक किस्ताको रुपमा बुझाउन चाहेमा सम्झौताका बखत ५०% ले हुन आउने रकम र बाँकी रकमका लागि नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकको २०७७ श्रावण मसान्तसम्म म्याद भएको बैंक ग्यारेण्टी पेश गर्नुपर्नेछ । बाँकी ५०% ले हुने रकम रकम २०७६ श्रावण मसान्तभित्र बुझाउनु पर्नेछ ।

५. दरभाउपत्र फाराम सूचना प्रकाशन भएको मितिले ७ औं दिनसम्म कार्यालय समयभित्र खरिद गर्न सकिनेछ, ८ औं दिनको १२:०० बजेभित्र दाखिला गरिसक्नुपर्नेछ । सोही दिन दिनको २:०० बजे खोलिनेछ ।

६. सिलबन्दी दरभाउ पत्रसाथ आफुले कबोल गरेको अंकको नेपाली नागरिक भए ५% ले हुने रकम र गैर नेपाली नागरिक भए १०% ले हुने रकम यस कार्यालयको एन.एम.बि. बैंक मणिग्राम शाखामा रहेको धरौटी खाता नं. A5CA549959952403 मा जम्मा गरेको सक्कलै भौचर वा ९० दिनको म्याद भएको बैंक ग्यारेण्टी संलग्न गर्नुपर्नेछ

७. न्यूनतम अंकमा मु.अ.कर र अन्य करहरु समावेश गरिएको छैन । ठेक्का लिने पक्षले ठेक्का सम्झौताका बखत कबोल अंकको १.५%ले हुने अग्रिम आयकर बापतको रकम एकमुष्ठ रुपमा र हरेक किस्ता रकम बुझाउँदा १३% ले हुने मू.अ.कर बापतको रकम आन्तरिक राजश्व कार्यालयमा बुझाउनु पर्नेछ ।

८. ठेक्का अवधि ०७५/०७६ र ०७६/०७७ गरि दुई आ.व.को हुनेछ । सम्झौताका शर्त उल्लंघन भएमा कार्यालयले बीचैमा ठेक्का तोड्न पनि सक्नेछ । यसरी ठेक्का तोडिएमा सो अवधि सम्मको बुझाउनु पर्ने दायित्वबाट उन्मुक्ति पाईने छैन । सरकारी बाँकी सरह असुलउपर गरिनेछ ।

९. बन्द, हड्ताल वा अन्य कुनै पनि कारणले राजश्व असुली कार्यमा बाधा उत्पन्न भएमा कार्यालयले क्षतिपूर्ति दिन बाध्य हुने छैन

१०. ठेक्का सदर गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित हुनेछ ।

११. तिनै तहको सरकारले प्रतिबन्ध लगाएको तथा आम नागरिकलाई प्रतिकुल असर पार्ने खालका होर्डिङ्ग बोर्ड राख्न पाईने छैन । स्वदेशी उत्पादनलाई बढावा दिने खालका विज्ञापनका बोर्डहरुलाई प्राथमिकता दिनुपर्नेछ ।

१२. तिनै तहका सरकारद्वारा जारी गरिएका जनचेतनामूलक होर्डिङ्ग बोर्डबाट कर संकलन गर्न पाइने छैन ।

१३. सार्वजनिक लगायत निजी स्थानमा राखिएका होर्डिङ्ग बोर्ड, वाल पेण्टिङ्ग, फ्ल्यास ब्यानर आदि जस्ता व्यवसायिक विज्ञापनहरुको मात्र विज्ञापन कर उठाउन पाईनेछ ।

१४. अन्य जानकारीको लागि कार्यालय समयभित्र आर्थिक प्रशासन शाखा तथा राजश्व शाखामा सम्पर्क राख्न सकिनेछ ।

१५. यसमा उल्लेख नभएका अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।

१६. आ.व.०७५/०७६ र०७६/०७७ का लागि विज्ञापन करको दरहरु यसप्रकार हुनेछ । कर संकलन गर्दा उक्त दरमा १३% ले थप गरी संकलत गर्नुपर्नेछ । साथै कर संकलन गर्न अनिवार्य रुपमा यस कार्यालयबाट प्रमाणित गराईएको नगदी रसिदको प्रयोग गर्नु पर्नेछ ।

| | |
|---|---|
| क) होर्डिङ्गबोर्ड प्रति वर्गफिट | रु.७५।- |
| ख) ग्लो साईनबोर्ड प्रति वर्गफिट | रु.६६।- |
| ग) भित्ते लेखन प्रति वर्गफिट | रु.२२।- |
| घ) ब्यानर प्रति वर्गफिट | रु.३३।- |

प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner